# पाठ - 6
## स्नान

# الدرس السادس - نيبالي
## الغسل

पवित्रताको उद्देश्यले सम्पूर्ण शरीरमा पानी हालेर नुहाउनु लाई स्नान भनिन्छ, र त्यो सही हुनको लागि पुरा शरीरमा पानी बहाउनु, कुल्ला गर्नु, र नाकमा पानी हाल्नु जरुरी हुन्छ,

**स्नान पाँच कारणले अनिवार्य भई हाल्छ ।**

**प्रथम** - कामवासनाको साथमा उचालिएर निस्केको वीर्य, निन्द्राको अवस्थामा होस, वा जागिएको अवस्थामा, पुरुषबाट होस, वा महिलाबाट, तर यदि बिना कामवासनाले वीर्य निस्केको छ भने स्नान गर्नु जरुरी हुदैन, जस्तो कि रोगको कारण वा जाडोको कारण, त्यस्तै यदि सवप्न देखियो तर वीर्य वा त्यसको कुनै चिन्ह पाइएन भने स्नान गर्नु जरुरी हुदैन, तर यदि वीर्य वा त्यसको चिन्ह पाइएको छ भने सपनामा देखेको कुरा याद नभए पनि स्नान गर्नु जरुरी र अनिवार्य हुन्छ ।

**दोश्रो** - सम्भोग, अर्थात पुरुषको गुप्तलिङ्ग महिलाको गुप्तलिङ्गमा छिर्ने, वीर्य न निस्केको भएता पनि नुहाउनु अनिवार्य हुन्छ ।

**तेश्रो** - मासिक धर्म र प्रसौतको रगत बन्द भए पछि ।

**चौथो**- मृत्यु, किन कि मृतक मान्छेलाई नुहाउनु जरुरी हुन्छ ।

**पाँचौ** - काफिर यदि मुस्लिम भयो भने नुहाउनु अनिवार्य हुन्छ ।

## अपवित्र व्यक्तिको लागि बर्जित गरिएको कुराहरू

अपवित्र व्यक्तिहरुको लागि केही कुराहरु बर्जित गरिएका छन, त्यस मध्ये

१ - नमाज पढनु ।

२ - तवाफ, अर्थात अल्लाहको घर काबाको चारै तिर परिकमा गर्नु ।

३ - कुरआन छुनु वा उठाउनु, त्यस्तै उच्च स्वरले वा धिमा स्वरले कन्ठगरेको कुरआन पढनु वा कुरआनमा हेरेर पढनु, इत्यादि ।

४ - मस्जिदमा बस्नु, तर मस्जिद पार गर्नुमा कुनै आपत्ति छैन, र यदि मस्जिदमा बस्नु जरुरी छ भने वुजू गरेर अपवित्रतालाई हलको गर्नु उचित छ ।